**कोरोना भाइरससम्बन्धी प्रदेश २ को अवस्था**
**धनुषा । ०७७ वैशाख १५ गते**

प्रदेश नं. २ सरकारको सामाजिक विकास मन्त्रालयले प्रदेशका पत्रकारहरूका लागि स्वास्थ्य सुरक्षा समाग्री वैशाख १५ गते उपलब्ध गराएको छ । कोरोना भाईरस (कोभिड- १९) को उच्च जोखिममा रहेको प्रदेश नं. २ का आठ जिल्लाका पत्रकारहरूका लागि सामाजिक विकास मन्त्री नवल किशोर शाहले पत्रकार महासंघ प्रदेश कमिटीका उपाध्यक्ष गायत्री मिश्रलाई स्वास्थ्य सुरक्षा सामग्री हस्तान्तरण गर्नु भयो । मन्त्री शाहले १ हजार ओटा मास्क, एक हजार थान ग्लोब्स र ४० लिटर स्यानीटाइजर हस्तान्तरण गर्दै यस महामारीमा पनि जोखिम मोलेर अग्रपंक्तिमा खटिने पत्रकारलाई आफ्नो सुरक्षासँगै जनतालाई सूचना प्रदान गर्दा संवेदनशील बन्न आग्रह गर्नु भयो ।

सामाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले सञ्चारकर्मीको जोखिमलाई मध्यनजर गर्दै प्रदेश सरकारले कोभिड-१९ सम्वद्ध कार्यमा क्रियाशील रहने सञ्चारकर्मीको मृत्यु भएमा निजको परिवारलाई ५० लाख रुपियाँ क्षतिपूर्ति दिने निर्णय समेत गरेको स्मरण गराउनु भयो ।

सप्तरीको विभिन्न स्थानमा नयाँ व्यक्तिलाई भित्रिन नदिन युवाहरूले ठाउँ-ठाउँमा अवरोध खडा गरेका छन् । बाँसको भाटा, काठको मुढा, डोरीको तगारोले छेकेर आवतजावत बन्द गरेका छन् । कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणका लागि जारी लकडाउनको पालना गर्न घरमा बसेका जनतालाई लक्षित गरी तिलाठी कोइलाडी गाउँपालिकाले सुपथ मूल्यको खाद्यान्न घुम्ती पसल सञ्चालनमा ल्याएको छ ।

राहतको सही सदुपयोग नगरी आसेपासे, सम्पन्न, समर्थक, कर्मचारीहरूलाई छानेर राहत वितरण गरेको आरोप लगाउँदै तिलाठी कोलाडी गाउँपालिका-७ का वडावासीले वडा कार्यालय भित्रै प्रवेश गरेर वडाध्यक्ष गुलाब सिंहमाथि वैशाख १४ गते दुर्व्यवहार गरे ।

नेपाल सरकारले घोषणा गरेको लकडाउनको समयमा बजारभाउ भन्दा महँगो दाल बिक्री गरेको भन्दै जिल्ला प्रहरी कार्यालयका डिएसपी गौतम मिश्रको कमाण्डमा रहेको प्रहरीले वैशाख १४ गते नारायणी मोडर्न पल्सेस ईण्डष्ट्रिज परवारीपुर-४ चैनपुर बाराका सञ्चालक ७३ वर्षीय मोहनलाल अग्रवाल, सोही उद्योगका प्रतिनिधि ४८ वर्षीय सुनिल शर्मा, श्रीकृष्ण आधुनिक दाल उधोग छातापिप्रा- ९ बाराका सञ्चालक ४५ वर्षीय पवन कुमार साह, प्रतिनिधि ५२ वर्षीय सुरेश प्रसाद, माहाबिर ओभरसिज प्रा.लि. परवानीपुर-४ लिपनीमाल बाराका प्रतिनिधि ४३ वर्षीय सन्तोष झालाई उद्योगबाट गिरफ्तार गरेको डिएसपी मिश्रले बतानु भयो । उधोगहरूले लक डाउनभन्दा अगाडी प्रति केजी ८० रुपियाँ देखि ८५ रुपियाँ तथा लकडाउन अवधिमा ९४ रुपियाँ देखि ९८ रुपियाँसम्ममा बिक्री गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएकाले थप अनुसन्धान गर्न गिरफ्तार गरेको मिश्रले बताउनु भयो ।

**इन्सेक सप्तरी जिल्ला प्रतिनिधि मनोहरकुमार पोखरेलका अनुसार** सप्तरीबाट परीक्षणका लागि पठाइएको ४७ जनाको स्वाबको रिपोर्ट वैशाख १५ गते नेगेटिभ आएको छ । वैशाख १३ र १४ गते संकलन गरी बि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान पठाइएको ३ सय १७ मध्ये ४७ जनाको स्वाब पीसीआर परीक्षण गर्दा नेगेटिभ आएको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ । सप्तरीको जोखिमयुक्त ठहर गरिएको सप्तकोशी नगरपालिकाबाट १ सय १३, कञ्चनरुप नगरपालिकाबाट ४३ र बोदे बर्साइन नगरपालिकाबाट १ सय ६१ जना गरी ३ सय १७ जनाको स्वाब परीक्षणका लागि धरान पठाइएको छ ।

आरडीटी परीक्षण भरपर्दो नभएकोले पीसीआर विधिबाटै परीक्षण गर्नुपर्ने माग उठेपछि स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले सप्तरीसहित प्रदेश नं. २ मा पीसीआर

बिधिबाट परीक्षण तिब्र बनाएको हो । राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालले गत चैत २० गतेदेखि स्वाब संकलन कार्य सुरु गरेकोमा हालसम्म पठाएको ४७ जनाको स्वाबको परीक्षणको रिपोर्ट नेगेटिभ आएको थियो ।

खडक नगरपालिकाका मस्जिदहरू क्वारेन्टाइनका रुपमा प्रयोग गरिएपछि क्वारेन्टाइनको सङ्ख्या बढेर ३४ पुगेको छ र वेड सङ्ख्या ६ सय ४६ पुगेको छ । सप्तरीको १८ ओटा स्थानीय तहद्वारा सञ्चालित ३४ ओटामध्ये विभिन्न क्वारेन्टाइनमा वैशाख १५ गते २४ महिला र ३४ पुरुष थप भएका छन् भने १० महिला र १२ पुरुष निगरानी अवधि सकिएर घर फर्किएका छन् । हाल ३४ महिला र २ सय १४ पुरुष गरी २ सय ४८ जना विभिन्न क्वारेन्टाइनमा बसेका छन् । हालसम्म ६५ महिला र ६ सय ९२ पुरुष क्वारेन्टाइनमा राखिएकोमा ३१ महिला र ४ सय ७८ पुरुष घर फर्किसकेका छन् । होम क्वारेन्टाइनमा बस्नेको सङ्ख्या वैशाख १५ गते ९८ जना रहेको छ ।

चैत ९ गतेदेखि गजेन्द्रनारायण सिंह अस्पताल राजविराजमा सञ्चालित फिभर क्लिनिकमा वैशाख १५ गतेसम्म २ सय १० पुरुष र १ सय २३ महिला गरी ३ सय ३३ जनाको ज्वरो जाँच भएको छ । जसमा ५४ बालक र ३३ बालिका छन् । अस्पतालमा रहेको आइसोलेशनमा हालसम्म बसेका सात जनाकै रिपोर्ट नेगेटिभ आएपछि होम क्वारेन्टाइनमा फर्काइएको छ ।

सप्तरीको विभिन्न स्थानमा नयाँ व्यक्तिलाई भित्रिन नदिन युवाहरूले ठाउँ-ठाउँमा अवरोध खडा गरेका छन् । बाँसको भाटा, काठको मुढा, डोरीको तगारोले छेकेर आवतजावत बन्द गरेका छन् । कोरोना भाइरसको रोकथाम तथा नियन्त्रणका लागि जारी लकडाउनको पालना गर्न घरमा बसेका जनतालाई लक्षित गरी तिलाठी कोइलाडी गाउँपालिकाले सुपथ मूल्यको खाद्यान्न घुम्ती पसल सञ्चालनमा ल्याएको छ ।

राहतको सही सदुपयोग नगरी आसेपासे, सम्पन्न, समर्थक, कर्मचारीहरूलाई छानेर राहत वितरण गरेको आरोप लगाउँदै तिलाठी कोलाडी गाउँपलिका-७ का वडावासीले वडा कार्यालय भित्रै प्रवेश गरेर वडा अध्यक्ष गुलाब सिंहमाथि वैशाख १४ गते दुर्व्यवहार गरेका छन् । सर्वदलीय समितिका प्रतिनिधिहरूले आ-आफ्नो नजिकका समर्थकहरूलाई भागवण्डा लगाएर राहत वितरण गरेकोले समस्या आएकोमा समाधान गरिएको गाउँपालिका अध्यक्ष सतिशकुमार सिंहले बताउनु भयो ।

**इन्सेक सिरहा जिल्ला प्रतिनिधि दुर्गा परियारका अनुसार** जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी बिनोद घिमिरेका अनुसार क्वारेनटाइनमा शङ्कास्पद बिरामीहरूलाई निगरानीमा राख्ने क्रम जारीरहेको बताउनु भएको छ । उहाँका अनुसार केही व्यक्तिहरु क्वारेन्टाइनमा बसेर गइसकेका छन् भने आउने जाने क्रम जारी रहेको बताउनु भयो । वैशाख १५ गतेसम्म १७ जना महिला ९३ जना पुरुष गरी १ सय १० जना क्वारेन्टाइनमा रहेको उहाँले बताउनु भयो । त्यसैगरी होम क्वारेन्टाइनमा आठ महिला सहित ४० जना निगरानीमा रहेको डिएसपी घिमिरेले बताउनु भयो । १८ महिला र २ सय २१ पुरुष गरी २ सय ३९ जना होम क्वारेन्टाइनबाट डिस्चार्ज भएको घिमिरेले बताउनु भयो ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख कृष्णदेव यादवले कोरोना सङ्क्रमितहरूको लागि जिल्लाको पाँच वटा अस्पतालमा ४० बेडको आइसोलेशन अस्पताल तयार गरिएको बताउनु भयो । तयार गरिएका अस्पतालमा १८ बेडको महेन्द्र गेनाइ अस्पताल भएपनि त्यहाँ भेन्टिलेटरको व्यवस्था नभएको उहाँले बताउनु भयो । फुलकुमारी मेमोरियल अस्पतालमा पाँच बेड आइसोलेशनको लागि छुट्टयाइएकोमा एक वटा मात्र भेन्टिलेटर रहेको बताउनु भयो । त्यसैगरी आरके मेडिसिटी अस्पतालमा पाँच बेडको आइसोलेशन वार्ड तयार रहेको र त्यहाँ पनि एक वटा बयस्कको लागि भेन्टिलेटरको मात्र व्यवस्था भएको प्रमुख यादवले बताउनु भयो । सात बेड जिल्ला अस्पताल र पाँच बेड लहान अस्पताललाई

आइसोलेशनको लागि तयार गरेपनि भेन्टिलेटरको व्यवस्था नभएको प्रमुख यादवले बताउनु भयो । त्यसैगरी धनगढीमाई नगरपालिकामा रहेको श्रमजिवि अस्पतालमा बालबालिकाको लागि एक वटा भेन्टिलेटर रहेको र कोरोना सङ्क्रमित बालबालिका आए प्रयोग गर्न सकिने यादवले बताउनु भयो ।
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सिरहाका जिल्ला प्रतिनिधि दुर्गा परियार र ओरेक नेपालकी कार्यक्रम व्यवस्थापक देवकुमारी महराले वैशाख १५ गते गोलबजार र लहान नगर पालिकामा रहेको क्वारेनटाइनको अनुगमन गर्नु भएको छ ।
गोलबजारको जनता माविमा रहेको क्वारेन्टाइनमा ११ जना भारतीय रहेका छन् । नेपाली सेनाको सुरक्षा कमाण्डमा रहेको क्वारेन्टाइनमा तीन जना स्वास्थ्यकर्मीले पालै पालो डयूटी मिलाएर स्वास्थ्य परीक्षण गर्ने गरेको ईलाका प्रहरी कार्यालय गोलबजारका इन्स्पेक्टर जनक पुरीले बताउनु भयो ।
त्यसैगरी लहान नपा-११ मा स्थित एक विधालयमा रहेको क्वारेन्टाइनमा एक महिला एक बालक सहित ११ जना रहेका छन् । क्वारेनटाइनमा नेपाल प्रहरी र सशस्त्र प्रहरी गरी १० जना सुरक्षाकर्मीले सुरक्षा दिनु भएको छ । क्वारेन्टाइनमा एउटा मात्र शौचालय रहेकोले समस्या हुने गरेको क्वारेन्टाइनमा रहनु भएकाहरुले बताउनु भयो । महिलाको लागि छुट्टै शौचालय नभएको हुँदा समस्या हुने गरेको ४० वर्षीया एक महिलाले बताउनु भयो । उदयपुरबाट फर्किनु भएकी उनी पति र छोरासँगै एउटै कोठामा दुई वटा बेडमा बस्ने गरेको जानकारी दिनु भयो । पतिसँग भएकोले सुरक्षित महसुस गरेको नत्र एक्लै बस्न अप्ठयारो हुन सक्ने उहाँको भनाई थियो ।
कोभिड १९ ले मानव अधिकारको अवस्थामा परेको प्रभावको अनुगमन गर्न जिल्ला स्तरीय मानव अधिकार अवस्था अनुगमन समिति वैशाख १५ गते गठन भएको छ । इन्सेक प्रतिनिधि दुर्गा परियारको पहलमा नेपाल पत्रकार महासंघ सिरहाका सभापति दिनेश्वर पसाद गुप्ताको संयोजकत्वमा नेपाल बार एसोसिएशन सिरहाका अध्यक्ष बिरेन्द्रकुमार सिहं र गैर सरकारी संस्था महासंघ सिरहाका अध्यक्ष गोबिन्दराज बिष्ट सदस्य रहने गरी तीन सदस्यीय अनुगमन समिति गठन भएको छ । समितिको पहिलो बैठक बसी थप सदस्यहरू मनोनित गर्ने संयोजक गुप्ताले बताउनु भयो ।

**इन्सेक धनुषा जिल्ला प्रतिनिधि दीपेन्द्र प्रसाद सिंहका अनुसार** प्रदेश नं. २ सरकारको सामाजिक विकास मन्त्रालयले प्रदेशका पत्रकारहरूका लागि स्वास्थ्य सुरक्षा सामग्री वैशाख १५ गते उपलब्ध गराएको छ । कोरोना भाइरस कोभिड १९ को उच्च जोखिममा रहेको प्रदेश नं. २ का आठ जिल्लाका पत्रकारहरूका लागि सामाजिक विकास मन्त्री नवल किशोर शाहले पत्रकार महासंघ प्रदेश कमिटीका उपाध्यक्ष गायत्री मिश्रलाई स्वास्थ्य सुरक्षा सामग्री हस्तान्तरण गर्नु भएको हो ।
मन्त्री शाहले हजार वटा मास्क, हजार जोड ग्लोब्स र ४० लिटर सेनिटाइजर हस्तान्तरण गर्दै यस महामारीमा पनि जोखिम मोलेर अग्रपङ्क्तिमा खटिने पत्रकारहरूलाई आफ्नो सुरक्षासँगै जनतालाई सूचना प्रदान गर्दा संवेदनशिल बन्न आग्रह गर्नु भएको छ ।
सामाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले यस विपदको समयमा पनि जोखिम मोलेर कोरोना रोकथामका लागि जनतालाई सुसूचित बनाउने कार्यमा संलग्न पत्रकारहरूको स्वास्थ्य सुरक्षाका लागि प्रदेश सरकार संवेदनशिल रहेको बताउनु भयो । सचिव घिमिरेले सञ्चारकर्मीको जोखिमलाई मध्यनजर गर्दै प्रदेश सरकारले कोभिड सम्वद्ध कार्यमा क्रियाशिल रहने सञ्चारकर्मीको मृत्यु भएमा निजको परिवारलाई ५० लाख रुपियाँ क्षतिपूर्ति दिने निर्णयसमेत भएको जानकारी दिनु भयो ।
नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य स्वेता सिन्हाले पत्रकारहरूको सुरक्षासँगै दैनिक जीवनयापनका लागि राहतको पनि आवश्यकता रहेको बताउँदै यस विषयमा केन्द्रमा पहल गर्ने उल्लेख गर्नु भयो ।

लकडाउनको बेलामा घर बाहिर निस्केको र सामाजिक दुरीको पाल्ना नगरेको भन्दै दिनदहाडै मरणासन्न हुने गरि कुटपिट गर्दै आएको प्रहरीकै सामुने जनकपुरमै वैशाख १५ गते सामाजिक दुरी पालना नगरिएको पाइएको छ ।
प्रादेशिक अस्पताल जनकपुरमा बालबच्चाहरूको लागि नियमित खोपको लागि पुगेका सेवाग्राहीको भिडलाई स्थानीय प्रशासनले सामाजिक दुरीको पालना गराउन सकेको देखिएन । प्रादेशिक अस्पतालको संस्थागत क्लिनिकमा सामाजिक दुरीको परवाह नगरी सयौंको सङ्ख्यामा अभिभावकहरू पुगे पनि प्रहरी सामाजिक दुरी पालना नगराएको जनकपुरधाम उमनपा-९ बस्ने सेवाग्राही लक्ष्मी साहले बताउनु भयो । यसअघि वडा कार्यालयमार्फत बालबालिकालाई खोप दिइए पनि यसपटक उपमहानगरपालिकाले चासो नदिँदा प्रादेशिक अस्पतालको संस्थागत क्लिनिकमा भीडभाड बढेको हो ।
संस्थागत क्लिनिकमा भीडभाड बढे पनि दुरी कायम गराइएको छैन । खोप लिने साना बालबालिकाहरू रहेकोले भीडभाडमा उनीहरू थप जोखिममा रहेको सेवाग्राही मनिता कर्णले बताउनु भयो ।
संघीय सरकारको परिपत्रअनुसार गत शुक्रवारदेखि नियमित खोप सञ्चालन भएपनि उपमहानगरले बालबालिकाहरूलाई वडामा खोप दिने व्यवस्था नगरेपछि संस्थागत क्लिनिकमा भीडभाड बढेको जनस्वास्थ्य कार्यालयका प्रमुख इन्द्रप्रसाद यादवले बताउनु भयो ।
'खोप सञ्चालन गर्न वैशाख ११ गते संघीय सरकारको पत्र हामीलाई प्राप्त भयो । वैशाख १२ गतेदेखि वडाहरूमा खोप सञ्चालन गर्न स्थानीय तहहरूलाई जानकारी गराइसकिएको छ,'-उहाँले भन्नु भयो, -'वडाहरूमा खोप सञ्चालन नभएपछि संस्थागत क्लिनिकमा भीड बढेको छ ।' वडा कार्यालयमै खोप सञ्चालन गराउन आफूहरूले सम्बन्धित निकायलाई जानकारी गराइसकेको उहाँले बताउनु भयो ।
जनकपुरधाम उपमहानगरपालिकाका खोप शाखाका प्रमुख उमेश रायले जनशक्ति अभावका कारण वडाहरूमा खोप सञ्चालन हुन नसकेको बताउनु भयो ।
यसैबिच, धनुषा निर्वाचन क्षेत्र नं. ३ का सांसद तथा जनता समाजवादी पार्टीका नेता राजेन्द्र महतोले आफ्नो क्षेत्रमा खाद्यान्न सामग्री तथा स्वास्थ्य सुरक्षा सामग्री वितरण गर्नु भएको छ । क्षेत्रमा पर्ने जनकपुरधाम उपमहानगरपालिकाका मेयर लालकिशोर साह, नगराइन नगरपालिकाका मेयर परमेश्वर यादव र मुखियापट्टी मुसरनिया गाउँपालिकाका अध्यक्ष मनोज यादवको हातबाट क्षेत्रका कुल २० स्वास्थ्य चौकी र धनौजी गाउँपालिकाका स्थित क्वारेन्टाइन गरि कुल २१ स्थलमा लाखौं मुल्य बराबरको समाग्री सहयोग गर्नु भएको छ ।
महतोका नीजि सचिव बिन्द किशोर साहका अनुसार निर्वाचन क्षेत्र सम्पर्क कार्यालयको आयोजनामा प्रत्येक स्थलमा एक थर्मल गन, दुई पीपीई, ५० मास्क, १ सय जनाका लागि ग्लोब्स र १ बोतल सेनिटाइजर हस्तान्तरण गरिएको छ । तीनै वटा पालिकाका प्रमुख सहित जिससका उपप्रमुख दिपक झा, नेताहरू संजय सिंह, मनोज चौधरी, प्रमोद यादव सहितको उपस्थितिमा सो सरसमानहरू वितरण गरिएको साहले बताउनु भयो ।
वैशाख १५ गते विहान जनकपुरधामको विभिन्न वडाहरूमा गरिव, विपन्न तथा अभाव भएकाहरूको लागि वितरण भइरहेको भोजन निर्माण स्थलमा १२ क्वीन्टल चामल नेता राजेन्द्र महतोले प्रदान गर्नु भएको छ ।

**इन्सेक महोतरी जिल्ला प्रतिनिधि अजयकुमार साहका अनुसार** महोत्तरीमा वैशाख १५ गते आरडीटीबाट १ सय ६८ जनाको स्वास्थ्य परीक्षण गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको प्रदेश नं. २ का समाजिक विकास मन्त्रालयका सचिव डा. रामप्रसाद घिमिरेले बताउनु भएको छ ।

महोत्तरीमा १९ क्वारेन्टाइन रहेकोमा बेड सङ्ख्या ३ सय ८८ रहेको छ । जसमध्ये जिल्लाको विभिन्न पालिकाहरूको क्वारेन्टाइनमा बस्नेको सङ्ख्या ८५ र होम क्वारेन्टाइनमा बस्नेको सङ्ख्या ६ सय ६२ छन् । हालसम्म महोत्तरीको विभिन्न क्वारेन्टाइनमा बसेका ११ जनाको स्वाव परीक्षण गरिएकोमा ११ जनाको रिर्पोट नेगेटिभ आएको छ ।
गौशाला नगरपालिका–११ का किसान लक्ष्मी महतोको खेतमा तरकारी कुहिन थालेको छ । विश्वव्यापी कोरोना महामारीबाट बच्नका लागि सरकारले जारी गरेको लकडाउन (वन्दावन्दी) को कारण स्थानीय हाटबजार बन्द भएकोले महतोले एक विगहामा लगाएको विभिन्न किसिमका तरकारी बजारमा विक्री गर्न पाएका छैनन् । महतोले भन्नु भयो-“हामीले लकाउनको पालना गर्दै आएको छु जसले गर्दा यसवर्ष भारीमात्रामा नोक्सानी भएको छ ।”
लकडाउनका कारण तरकारी बजारसम्म पुर्‍याउने बातावरण छैन । जसले गर्दा सागसब्जी खेतमै कुहिन थालेको छ । गौशाला–८ स्थित मरहा नदीको वगरमा खेतीपाती गर्दै आएका सुकराम सदा भन्नु हुन्छ - “तरकारी खेतीबाट मगन्य आम्दानी हुन्छ भनेर खेतीपातीमा लागेको हो, तर कठै लकडाउनले गर्दा अहिले हातमुख जोर्नका लागि समेत धौ-धौ पर्ने भएको छ । बालवच्चाको पालनपोषण, पढाई लेखाई र जीवन निर्वाह गर्ने सपना सपनामै सिमित भयो ।”
त्यस्तै सुलभ रुपमा किसानहरूलाई तरकारी बिक्री गर्नका लागि स्थानीय सरकारले उचित व्यवस्थापन नगरेको वर्दिवास नगरपालिका–९ का किसान सुकृत महतोको गुनासो रहेको छ । उहाँ भन्नु हुन्छ–“मैले ५ कटठामा ३ हजारका दरले लगानी गरि गोलभेडा लगाएका थियौँ । गोलभेडा खेतमा तयारी अवस्थामा छ । अहिले बिक्री गर्ने समयमा बजार बन्द भएपछि लगानी त परै जाओस् विउनविजन र मलखाद्य वराबरको रकम नउठ्ने भयो ।”
सरकारले जारी गरेको लकडाउनको पालना गर्दै आएका यहाँका किसानहरूको लागि सरकारले स्थानीयस्तरमा व्यवस्थित ढङ्गको तरकारी बजारको व्यवस्थापन गर्नुपर्ने जनजागरण कृषि सहकारी संस्था लिमिटेडका अध्यक्ष काशी महतोको भनाई रहेको छ । यस विपदको समयमा कहिँ तरकारीको फालाफाल रहेको छ भने कहिँ तरकारी खान नपाएको अवस्था सिर्जना भएको छ । अब यस परिस्थितिमा यहाँका सहकारीहरूलाई तरकारी बिक्रीका लागि विशेष भूमिका खेल्नु पर्नेमा अध्यक्ष महतोले जोड दिनु भयो ।
यता, तरकारी बिक्री गर्नका लागि स्थानीयस्तरको बजारमा प्रतिबन्ध लगाइएको ईलाका प्रहरी कार्यालय गौशालाले जनाएको छ । तरकारी बजार लगाउने क्रममा लकडाउन पालना नहुने भएपछि सो निर्णय सर्वपक्षीय रुपमा गरिएको इन्स्पेक्टर प्रकाश रेग्मीले बताउनु भयो । विकल्पको रुपमा ठेला वा गाडामा बिक्री गर्नका लागि स्थानीय किसानलाई छुट दिइएको इन्स्पेक्टर रेग्मीले जानकारी दिनु भयो ।
यस सम्बन्धमा महोत्तरीका प्रमुख जिल्ला अधिकारी सुर्य बहादुर खत्रीले यस परिस्थितमा घरमै बसि लकडाउनको पालना गर्नका लागि सबैमा अनुरोध गरेको छ । अब तरकारीको सम्बन्धमा गाउँगाउँमा घुमेर भिड नहुने किसिमले तरकारी बिक्री बितरण गर्नका लागि प्रमुख जिल्ला अधिकारी खत्रीले सबैमा अनुरोध गर्नु भएको छ ।

**इन्सेक सर्लाही जिल्ला प्रतिनिधि वुधन साहका अनुसार** नेपाली सेनाले वैशाख १४ गते लालबन्दी पाँचकुमारीमा कोरोना भाइरसको सङ्क्रमण बढेपछि गरिने विभिन्न क्रियाकलाप सम्बन्धी ‘डेमो’ प्रदर्शनी गरेको छ । नेपाली सेनाको मध्य पूर्वी पृतनाको विशेष फौज अमरदल गुल्मका सुरक्षाकर्मीहरूले प्रदर्शनी गरेका हुन् ।

लालबन्दी नगरपालिका-२ पाँचकुमारी स्थित नेपाली सेनाको रणशेर गण छेउमा रहेको खेलमैदानमा गरिएको प्रस्तुती जिल्ला समन्वय समितिका प्रमुख सभापति मेथुर चौधरी, विभिन्न पालिकाका प्रमुखहरू, प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जिसी, रणशेर गणका गणपति प्रमुख सेनानी मिनराज तिवारी, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धानका प्रमुखहरू, नागरिक समाजका प्रतिनिधि, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो ।
कार्यक्रममा अमरदल गुल्मका सह सेनानी विद्युत कुमार बस्नेत नेतृत्वको टोलीले कोरोना भाइरस सङ्क्रमण बढेपछि सुरक्षाकर्मी एवम् स्वास्थ्यकर्मीहरूले लगाउने व्यक्तिगत सुरक्षा सामग्री (पीपीई) को प्रयोग गर्ने तरिका, पीपीईका प्रकारहरू, कोरोना भाइरस सङ्क्रमित फेला परेपछि अस्पतालसम्म लैजाने तरिका, कोरोना भाइरसबाट मृत्यु भए उक्त सवलाई अस्पतालबाट अन्तिम संस्कार स्थलसम्म लैजानका लागि अपनाउनु पर्ने विधि लगायत बारेमा प्रस्तुती देखाइएको थियो । प्रदर्शनीले जिल्ला स्थित स्वास्थ्यकर्मी र सुरक्षाकर्मी लगायत सरोकारवालाहरूमा निकै सचेतना बढेको सर्लाही जिल्लाका प्रमुख जिल्ला अधिकारी मोहनबहादुर जिसीले बताउनु भएको छ ।

**इन्सेक रौतहट जिल्ला प्रतिनिधि कोपिला तिमल्सिनाका अनुसार** जिल्लामा क्वारेन्टाइनमा बस्नेको सङ्ख्या २२ जना महिला र ३ सय २२ पूरुष गरी ३ सय ४४ जना रहेका छन् । रौतहटको विभिन्न स्थानको क्वारेन्टाइनबाट घर फिर्ता गरिएको सङ्ख्या २ सय ८० जना रहेको छ । हालसम्म रौतहटको विभिन्न क्वारेन्टाइनमा बसेका २ सय ८६ जनाको स्वाव परीक्षण गरिएकोमा १ सय ६१ जनाको रिर्पोट नेगेटिभ आएको छ भने एक जनाको रिर्पोट पोजेटिभ आएको र १ सय २४ जनाको रिपोर्ट आउँन बाँकी रहेको जिल्ला प्रशासन कार्यालय प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बताउनु भयो । त्यस्तै आरडीटीबाट स्वास्थ्य परीक्षण ४ सय ८३ जनामा गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको छ । रौतहटमा जम्मा ७ सय १ वटा पीपीइ रहेको छ । त्यस्तै जिल्लामा ९ सय ३१ वटा क्वारेन्टाइन बेड सङ्ख्या रहेको प्रमुख जिल्ला अधिकारी घिमिरेले बताउनु भयो । उक्त स्थानीय तहमा रहेको क्वारेन्टाइनमा रहेका व्यक्तिहरूको आवश्यक खाना लगायत वसाई व्यवस्थापन सम्बन्धित पालिकाहरूले गर्दै आएको प्रमुख जिल्ला अधिकारी घिमिरेले बताउनु भयो ।
लकडाउनको समयमा खाद्यान्न तथा उपभोग्य बस्तुको होम डेलिभरीको व्यवस्था मिलाइएपनि सर्वसाधारणबाट धेरै गुनासो आएपछि वैशाख १६ गतेदेखि खाद्यान्न तथा उपभोग्य सामग्री बिक्री वितरण गर्नको लागि प्रत्येक दिन बिहान ११:०० बजेदेखि दिउँसो २:०० बजेसम्म खुल्ला गर्ने र प्रत्येक बिक्रेताले सामाजिक दुरी कायम गराउनु पर्ने भएको छ । वैशाख १५ गने बसेको जिल्ला सुरक्षा समितिको बैठकले सो निर्णय गरेको जिल्ला प्रशासन कार्यालयले जानकारी दिएको छ ।
एक साता यता स्थानीय तहले आफ्ना नागरिकलाई ओसार्दै आएकोमा सरकारले वैशाख १५ गतेदेखि ओसारपसारमा रोक लगाएको छ । लकडाउनले घर आउन नपाएका आफ्ना नागरिकलाई विशेषतः काठमाडौंदेखि स्थानीय तहले उद्दार गर्दै आएकोमा सरकारले अर्को व्यवस्था नभएसम्मको लागि ओसार पसारमा रोक लगाएको जनाएको छ । थानकोट प्रहरी कार्यालयले माथिको आदेश भन्दै सवारी साधन रोक्न थालेको छ । गृहमन्त्रालयले देशका ७७ वटै जिल्ला प्रशासन कार्यालयलाई अत्यावश्यक सेवा बाहेकका सवारी साधन सञ्चालन तथा यात्रु ओसारपसारलाई पुर्ण रुपमा रोक लगाउन वैशाख १५ गते परिपत्र गरेपछि जो जहाँ छन् सोही स्थानमानै रहनुपर्ने भएको छ । आगामी वैशाख २५ गतेसम्म लकडाउन लम्ब्याउने सरकारको निर्णयसँगै यसलाई कडाइका साथ लागु गर्न समेत गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिएकोले सोही अनुसार जिल्लाले पनि निर्देशन पालना गरी लकडाउन कडा गरीने प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले बताउनु भयो । यसैबीच सवारीको

आगमन पासको दुरुपयोग गरेर मानिसको भीडभाड बढेको भन्दै गृह मन्त्रालयले अत्यावश्यक सेवा बाहेकका सवारी साधनलाई पास वितरण नगर्न जिल्ला प्रशासन कर्यालयहरूलाई पुनः निर्देशन दिएको छ ।

रौतहटमा कोरोना भाइरसको जोखिम बढ्दै गएको छ । लकडाउनकै समयमा उद्धारको नाममा रौतहटमा बाहिरबाट सयौँको सङ्ख्यामा मानिस गाउँ भित्रिन थालेपछि कोरोना भाइरसको जोखिम बढको हो । चैत ११ गतेदेखि लगातार लकडाउनको कारण राजधानी काठमाडौँमा रहेका जिल्लाबासीलाई स्थानीय तहले जिल्लामा ल्याइरहेका छन् । बाहिरबाट आएकालाई १४ दिन क्वारेन्टाइनमा अनिवार्य बस्नुपर्ने नियम विपरीत गाउँगाउँ घुम्न थालेपछि कोरोनाको जोखिम बढेको भन्दै रौतहटका जनप्रतिनिधिले नै बिरोध गर्न थालेका छन् । स्थानीय तहहरुले जिल्ला प्रशासन कार्यालय रौतहटबाट सवारी पास लिएर काठमाडौँमा लकडाउनका कारण अड्किएकाहरूलाई गाउँ फर्काउन थालेपछि सङ्क्रमणको जोखिम बढेको बताइएको छ । जिल्लाका गुजरा, ईशनाथ, देवाही गोनाही, दुर्गाभगवति, कटहरीया, फतुवाबिजयपुर लगायतका स्थानीय तहले यात्रुबाहक बस पठाएर काठमाडौँबाट सयौँ मानिस गाउँ भित्र्याइसकेका छन्, यो क्रम जारी छ । काठमाडौँबाट आउने र बाहिर घुम्नेको सङ्ख्या बढिरहेकाले भाइरस सङ्क्रमणको जोखिम बढेको मौलापुर नगरपालिका-६ का वडा अध्यक्ष उपेन्द्र जयसवालले बताउनु भयो । बाहिरबाट आउने जोकोहीलाई पनि सेल्फ क्वारेन्टाइनमा बसाउन प्रत्येक स्थानीय तहलाई निर्देशन दिएको प्रमुख जिल्ला अधिकारी घिमिरेले बताउनु भयो । बाहिरबाट आएर सेल्फ क्वारेन्टाइनमा नबसी घुमफिर गरेको पाइएमा गिरफ्तार गरी क्वारेन्टाइनमा राख्ने चेतावनी समेत दिएको घिमिरेले जानकारी दिनु भयो । बाहिरबाट आउनेहरूको आरडिटी टेस्ट हुनुपर्नेमा किटको अभावमा हुन नसकेको स्थानीय जनप्रतिनिधिहरूले स्वीकारेका छन् । रौतहटका प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेले काठमाडौँबाट आएकाहरुको सङ्ख्या एकिन नभएपनि डाटा संकलन भइरहेको जानकारी दिनु भयो ।

सरकारले अति विपन्न परिवारलाई राहत सामग्री वितरण गर्न स्थानीय तहलाई दिएको निर्देशन विपरीत दुई विगहा भन्दा बढी जग्गाजमिन र किराना पसल सञ्चालकहरूले समेत राहत लिएको आरोप छ । चन्द्रपुर नगरपालिकाको १० वटा वडामा फरक धनराशीको राहत सामग्री वितरण गरेको पाइएको छ । पहिलो चरणको राहत सामग्री वितरण गरेपनि यसको पारदर्शीताको लागि राहत लिनेको प्रकृति र घरधुरी त्यस्तै लागतको हिसाब सार्वजनिक भएको छैन, जसले गर्दा सुकुम्बासी भन्दा पनि हुकुम्बासीको बोल रहनुको साथै राहत सामग्री लिएको स्थानीय केदारप्रसाद तिमल्सिनाले बताउनु भयो । दैनिक ज्यालामजदुरी गर्नेहरुको रोजगार कहिलेबाट सुरु हुन्छ, त्यसको सुनिश्चितता अझै हुन सकेको छैन । यस्तो अवस्थामा हुनेखानेले समेत राहत सामग्री लिएको वडा समितिले सहजै दिएको भन्दै आलोचना समेत हुन थालेको छ ।

रौतहटका पत्रकारहरूले आफुहरूका लागि आएको राहत गरुडास्थित बंशिराम अनाथालयलाई सहयोग गरीएको नेपाल पत्रकार महासंघ, रौतहट शाखाका कोषाध्यक्ष रमेश तिमल्सिनाले बताउनु भयो । जिल्लाको इशनाथ नगरपालिकाले पत्रकारहरूका लागि उपलब्ध गराएको राहत रौतहटका करीब १५ जना पत्रकारहरूले अनाथलयका बालबालिकाहरूलाई सहयोग गरेको तिमल्सिनाले जानकारी दिनु भयो । राहतमा चामल २५ किलोका दरले १५ बोरा, दाल करिब ३० किलो, नुन, खानेतेल, तुथपेष्ट सहयोग गरिएको नेपाल पत्रकार महासंघ रौतहटका सचिव गौतम श्रेष्ठले जानकारी दिनु भयो ।

**इन्सेक बारा जिल्ला प्रतिनिधि भोलानाथ पौडेलका अनुसार** जिल्लामा क्वारेन्टाइन बेड सङ्ख्या ४ सय ४३ रहेकोमा २ सय ६ जना क्वारेन्टाइनमा बसेको जिल्ला प्रशासन कार्यालयका सूचना अधिकारी ओम

खड्काले बताउनु भएको छ । उहाँले क्वारेन्टाइनमा बसेका मध्ये ४२ जना महिला र १ सय ६७ जना पुरुष रहेको बताउनु भयो । आइसोलेशन बेड सङ्ख्या ४८ रहेकोमा आइसोलेशन वार्डमा दुई जनाको उपचार भइरहेको खड्काले बताउनु भयो ।

नेपाल सरकारले घोषणा गरेको लकडाउन बन्दमा नोवेल कोरोना कोभिड-१९ रोकथाम र नियन्त्रण गर्न मुस्लिम आयोगले गठन गरेको अनुगमन समितिले इस्लाम धर्मावम्बीहरूको चार्ड रमजान वैशाख १३ गतेदेखि सुरु भएकाले जिल्लाको लंगडा चोक, जमुनीया, आर्दश कोतवाल, बिशुनपुर, पर्साटोल, सिम्रौनगढ, कचोर्वा, हरनैया, इनर्वा, बैरीया लगायतका स्थानमा रहेका मस्जिदहरूको स्थलगत अनुगमन वैशाख १४ गते गरेको संयोजक राजमहम्मद रायले बताउनु भएको छ । समितिका सदस्य मौलाना कलामुदिन अंसारीले एक महिनासम्म चल्ने रमजान पर्व विगतका वर्ष जस्तो हर्षेल्लाहसका साथ मनाउन नपाउने भएकाले समाजिक दुरी कायम गर्न, इफतार र तराबी घरमै पढ्न, तीन देखि चार जनासम्म मस्जिदमा बस्ने, मास्क लगाउने, साबुन पानीले हात धुने र भीडभाड नगर्ने सुझाव दिएको बताउनु भएको छ । डा. कमरुल्लाह अंसारीले निरन्तर अनुगमन गरी लकडाउन पालना गराउने बताउनु भयो ।

सिम्रौनगढ नगरपालिकाको कार्यालयमा सामाजिक दुरी कायम गरी वैशाख १४ गते नेपाल सरकारको निर्देशन अनुसार प्रत्येक वडामा गठन भएको कोभिड १९  प्रिभेन्सी ग्रुपको काम कर्तव्य बारे छलफल गरेको नगर प्रमुख बिजयशंकर यादवले बताउनु भयो । समितिले टोल टोलमा पुगि प्रत्येक घरधुरीका सदस्यको स्वास्थ्य परीक्षण गर्ने, तापक्रम, स्वास्थ्य अवस्था, बाहिरबाट आएकाको पहिचान गर्ने, तीन पुस्ते, घरको सदस्यको सङ्ख्या लगायतको विषयमा छलफल गरी वैशाख १५ गते समितिका सदस्य टोल/टोलमा परिचालन भएको नगर प्रमुख यादवले बताउनु भयो । वडा अध्यक्षको अध्यक्षतामा  गठन भएको कोभिड १९ प्रिभेन्सी ग्रुपमा एक जना स्वास्थ्यकर्मी, एक जना स्वयम्सेविका, एक जना सुरक्षाकर्मी लगायत सात जनाको समिति रहेको छ ।

नारायणी मोडर्न पल्सेस ईण्डष्ट्रिज परवारीपुर-४ चैनपुरका सञ्चालक ७३ वर्षीय मोहनलाल अग्रवाल सोही उद्योगका प्रतिनिधि ४८ वर्षीय सुनिल शर्मा, श्रीकृष्ण आधुनिक दाल उधोग छाता पिप्रा-९ का सञ्चालक ४५ वर्षीय पवन कुमार साह, प्रतिनिधि ५२ वर्षीय सुरेश प्रसाद, माहाबिर ओभरसिज प्रा.लि. परवानीपुर-४ लिपनीमालका प्रतिनिधि ४३ वर्षीय सन्तोष झालाई जिल्ला प्रहरी कार्यालयका डिएसपी गौतम मिश्रको कमाण्डमा रहेको प्रहरी टोलीले लकडाउनको समयमा बजारभाउँ भन्दा महङ्गो दाल बिक्री गरेको आरोपमा वैशाख १४ गते गिरफ्तार गरेको छ ।

उद्योगहरूले लकडाउन भन्दा अगाडी प्रति केजी ८० देखि ८५ रुपियाँ तथा लकडाउन अबधिमा ९४ रुपियाँदेखि ९८ रुपियाँसम्म बिक्री गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएकाले थप अनुसन्धान गर्न गिरफ्तार गरेको डिएसपी मिश्रले बताउनु भएको छ । औधोगिक करिडोरमा रहेको उधोगहरूले कोरोना भाइरस प्रकोपको कारण चैत ११ गतेदेखि देशभर लकडाउन भइरहेको मौका छोपि उधोगहरूले बढि मूल्यमा दाल बिक्री गरेको जनगुनासो आएपछि खटिएको अनुगमन समितिको प्रतिवेदन तथा सोही प्रतिवेदनको आधारमा कारवाहीको लागि बाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय बीरगंज पर्साले पठाएको पत्रका आधारमा अनुसन्धान भइरहेको डीएसपी मिश्रले बताउनु भयो । जिल्ला प्रशासन कार्यालय बाराले कालोबजार तथा सामाजिक अपराध ऐन २०३२ बमोजिमको कालोबजारी गरेको कसुरमा उहाँहरू विरुद्ध कारवाही प्रक्रिया अगाडि बढाइएको जनाएको छ ।

**इन्सेक पर्सा जिल्ला प्रतिनिधि केसि लामिछानेका अनुसार** बीरगंजमा पहिलो पटक नेपाली नागरिकमा कोरोना भाइरस सङ्क्रमण पुष्टि भएपछि स्थानीय प्रहरी प्रशासन शतर्क भएको छ । कोरोना पुष्टि

भएपछि जोखिम न्यूनिकरण गर्न प्रहरीले सङ्क्रमित व्यक्तिको प्रत्यक्ष सम्पर्कमा रहेका परिवारका सदस्य, जनप्रतिनिधि तथा वडाका कर्मचारीहरूलाई होम क्वारेन्टाइमा बस्न लगाइएको छ ।

बीरगंज महानगरपालिकामा वैशाख १४ गते थप दुई जना पुरुषमा कोरोना भाइरस सङ्क्रमणको पुष्टि भएको थियो । सङ्क्रमित मध्येका एक बीरगंज महानगरपालिका-३ घर भएका बीरगंज महानगरपालिका कार्यालयमा कार्यरत सरसफाई कर्मचारी (नाइके) हुन् । उनी वडा नम्बर ३ को कार्यालयमा कार्यरत छन् ।

सङ्क्रमण पुष्टि भएपछि बीरगंज महानगरपालिका-३ का वडा अध्यक्ष बैजुलाल स्वर्णकार लगायतका व्यक्तिहरू निर्वाधरूपमा दैनिक कामकाज गरिरहेको खबर पाए पश्चात जिल्ला प्रहरी कायालय पर्सा र वडा प्रहरी कार्यालय विर्ताबाट गएको टोलीले १९ जनालाई क्वारेन्टाइनमा बस्न लगाएको जिल्ला प्रहरी कार्यालयका डिएसपी गौतम थापाले जानकारी दिनु भयो ।

जनप्रतिनिधि लगायतका व्यक्तिहरूलाई सुरक्षित गर्न खोज्दा प्रतिनिधिहरूले प्रतिवाद गरेपछि प्रहरीले बल प्रयोग गरेर होम क्वारेन्टाइनमा बस्न लगाइएको प्रहरीले जनाएको छ ।

यसैबीच कोरोना सङ्क्रमित बीरगंज महानगरपालिकाका सफाइकर्मीको सम्पर्कमा आएका ३३ जनाको पीसीआर परीक्षणका लागि थ्रोट स्वाबको नमुना संकलन गरिएको छ । वैशाख १४ गते सफाई कर्मचारीमा कोरोना भाइरसको सङ्क्रमण पुष्टि भएपछि उनको “ट्राभल हिस्ट्री” का आधारमा कन्ट्याक्ट ट्रेसिङ सुरु गरिएको छ ।

पहिलो चरणमा प्रत्यक्ष सम्पर्कमा रहेका परिवारका सदस्य र जनप्रतिनिधि सहित ३३ जनाको थ्रोट स्वाबको नमुना संकलन गरिएको जिल्ला जनस्वास्थ्य कार्यालय पर्साले जनाएको छ । कन्ट्याक्ट ट्रेसिङको कामलाई वैशाख १५ गते पनि निरन्तरता दिइएको छ ।

पर्सामा हाल सर्लाहीका एक सहित तीन जना सङ्क्रमित बीरगंज स्थित नारायणी अस्पतालको आइसोलेशन वार्डमा उपचारार्थ छन् । १ सय १९ जना महिलासहित ३ सय २१ जना होम क्वारेन्टाइनमा, १० महिलासहित १ सय १४ जना जिल्लाका विभिन्न क्वारेन्टाइनमा राखिएका छन् । ठाकुरराम बहुमुखी क्याम्पसमा चार जना महिलासहित १ सय २१ जना अलपत्र भारतीय नागरिकलाई राखिएको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ ।

**इन्सेक प्रदेश २ कार्यालय, जनकपुरधाम**